KDCBAR JOURNAL Volume 1, Issue 1, 2025 September 3, ISSN No. 3102-0348

# नेपालको संक्रमणकालिन न्याय:एक विश्लेषणात्मक दृष्टिकोण

*अधिवक्ता हरि शरण कार्की*
**LL.M (TU)**
Email:harisharankarki45@gmail.com

**Article History :** 2025 Septermber 3

## सार (Abstract)

*विस्तृत शान्ति सम्झौता र संक्रमणकालिन न्यायको महत्वपुर्ण कार्य भनेकै सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता नागरिकको छानबिन आयोग गठन गरी मानवअधिकारको गम्भिर उल्लङ्घनका घटना र त्यस्ता घटनामा संलग्न व्यक्तिहरुको बारेमा बास्तविक सत्य तथ्य पत्ता लगाई सार्वजनिक गर्न, पिडक र पीडित बिच मेलमिलाप गराउन, पीडितलाई परिपुरणको व्यवस्था लगायत त्यस्तो घटनासँग सम्बन्धित गम्भिर अपराधमा संलग्न व्यक्तिहरुलाई कानूनी कारवाहीको लागी सिफारिस गर्न संक्रमणकालिन न्यायको व्यवस्था गरिएको हो । तर बिस्तृत शान्ति सम्झौताको १९ वर्ष बितिसक्दा पनि यो कार्यले गति पाउन सकेको छैन । अत:एक पेशागत कानून व्यवसायीको तर्फबाट यो बिषयलाई व्यापक बनाउन आवश्यक सम्झी थोरै समयभित्र यो बिषयलाई यस लेख मार्फत उल्लेख गर्न खोजेको हुँ । यसमा उल्लेख गरिएका धेरै जसो बिषयहरु सन्दर्भ सामग्रीको रुपमा आयोगका website बाट लिएको छु ।*

## १. संक्रमणकालिन न्याय र अवलम्बन गरिने सिद्धान्तहरु :-

संक्रमणकालिन न्याय एउटा जटिल र बहुआयामिक क्षेत्र हो जसले शान्ति, लोकतन्त्र र विधिको शासनतर्फ संक्रमण भइरहेको समाजहरुमा बिगतका मानवअधिकार उल्लङ्घन, द्वन्द्व र निरंकुश शासनका कियाकलापहरुलाई सम्बोधन गर्न खोज्छ । सत्य जवाफदेहिता, परिपूरण, मेलमिलाप, संस्थागत सुधार र सबै पक्ष बिच सम्मानको प्रबर्द्धन गरेर संक्रमणकालिन न्यायले सबै व्यक्तिको अधिकार र मर्यादाको सम्मान र संरक्षण हुने थप न्यायपूर्ण र समाबेशी समाज निर्माणमा योगदान पुऱ्याउँछ[३५१]।

संक्रमणकालिन न्यायका थुप्रै आधारभुत सिद्धान्तहरु रहेका छन । यि आधारभुत सिद्धान्तहरुमा प्रमुख गरेर

क) उत्तरदायित्वको सिद्धान्त
ख) सत्यको सिद्धान्त
ग) परिपुरणको सिद्धान्त
घ) संस्थागत सुधारका सिद्धान्त रहेका छन ।

उत्तरदायित्वको सिद्धान्तले युद्धकालिन समयमा गम्भिर मानवअधिकार उल्लङ्घनका दोषीहरुलाई उनीहरुका कार्यका लागि उत्तरदायी बनाउने आवश्यक्तालाई जोड दिन्छ । अपराधीहरुलाई फौजदारी अभियोग मार्फत दण्ड सँजाय निर्धारण गरेर दण्डहिनता प्रबल नहुने कुरामा जोड दिइन्छ ।

दोस्रो, सत्यको सिद्धान्तले द्वन्द्वकालमा पीडितहरुले भोगेको भौतिक र नैतिक क्षतिलाई सम्बोधन गर्न केन्द्रित छ । तेस्रो परिपुरणको सिद्धान्त, यस सिद्धान्त मार्फत पीडितहरुलाई न्यायिक राहत र सम्मानजनक

[३५१] **संक्रमणकालिन न्याय** बरिष्ठ अधिबक्ता खिमलाल देवकोटा, पैरवी प्रकाशन, काठमाडौँ, २०८२

स्थितिमा पुनर्स्थापित गर्न आर्थिक क्षतिपूर्तिहरु तथा सार्वजनिक माफी जस्ता उपायहरु अवलम्बन गरिन्छ । चौथो, संस्थागत सुधारको सिद्धान्त, यस सिद्धान्तले राज्यका स्थापित संरचनाहरु जस्तै सुरक्षा केन्द्र, न्यायिक संरचना आदिलाई दमनकारी हुन नदिन लोकतान्त्रिक संरचनामा रुपान्तरण गर्न केन्द्रित गरिन्छ[३५२] ।

## २. नेपालको राजनितिक द्वन्द्व र संक्रमणकालिन न्याय :-

नेपालमा २०५२ साल फाल्गुण १ गतेदेखि नेकपा माओबादीले सशस्त्र जनयुद्ध घोषणा गऱ्यो । सो अघि गठन भएको प्रधानमन्त्री शेर बहादुर देउवाको सरकारलाई नेकपा माओबादीको वैधानिक मोर्चा संयुक्त जनमोर्चा नेपालले सरकार समक्ष विभिन्न ४० बुँदा समेटेर एक मागपत्र बुझाएको थियो । सो मागलाई बेवास्ता गरेको भन्दै नेकपा माओबादीले राज्यसत्ता बिरुद्ध सशस्त्र द्वन्द्वको थालनि गरेको थियो । झण्डै १२ बर्षको जनयुद्धकालमा १७००० भन्दा बढी नेपालिहरुको ज्यान गयो । हजारौं मानिस बेपत्ता, अपाङ्ग र विस्थापित भए । यस बिचमा माओवादी र राज्यको बीचमा आक्रमण र प्रत्याक्रमण हुने क्रम जारी रह्यो । दुबै पक्षबाट हत्या, बलात्कार, यातना जस्ता गम्भिर मानवअधिकार उल्लङ्घनका घटनाहरु घटिरहे । यस युद्धमा जेनेभा महासन्धिको पालना भए नभएको हेर्ने कामको लागि अन्तर्राष्ट्रिय रेडक्रस जस्ता संस्थाहरुले निगरानी गरेका थिए । तर यस बीचमा राजा बिरेन्द्रसहित उनको परिवारको सामूहिक हत्या भयो । यो घटनाले राष्ट्रलाई गहिरो संकटमा पाऱ्यो र राजतन्त्रप्रति जनविश्वास डगमगायो । त्यसपश्चात ज्ञानेन्द्र राजा बने । राजा ज्ञानेन्द्रले निर्वाचित सरकारलाई हटाएर सम्पूर्ण कार्यकारी शक्ति आफ्नो हातमा लिए भने अर्कोतिर माओवादी जनयुद्धले गाँउगाँउमा राज्यको उपस्थितिलाई कमजोर पाऱ्यो । राजा ज्ञानेन्द्रको अलोकतान्त्रिक कदमपछि राजनितिक दल र माओबादीबीच १२ बुँदे समझदारी भयो । वि.स.२०६३ सालमा भएको उक्त १२ बुँदे सहमति, दोस्रो जनआन्दोलन र बृहत शान्ति सम्झौता सँगै ने.क.पा. माओवादी शान्तिपूर्ण राजनितिक प्रकृयामा सहभागि भयो र द्वन्द्वको औपचारिक रुपमा अन्त्य भयो र द्वन्द्वको क्रममा भएका मानवअधिकार उल्लङ्घन र अपराधलाई सम्बोधन गर्न, पीडकलाई जवाफदेहिता सुनिश्चित गर्न, पीडितलाई क्षतिपूर्ति प्रदान गर्न, मेलमिलापलाई प्रबर्द्धन गर्न र मुलुकको शान्ति र लोकतन्त्रको संक्रमणलाई सहजिकरण गर्ने संयन्त्रको रुपमा नेपालमा संक्रमणकालिन न्यायको जग खडा हुन पुग्यो[३५३] ।

## ३. नेपालमा संक्रमणकालिन न्यायको विकास :-

विस्तृत शान्ति सम्झौता वि.स.२०६३ साल मंसिर ५ गते सरकार र माओवादीबीच बृहत शान्ति सम्झौता सम्पन्न भयो । उक्त बृहत शान्ति सम्झौताले राजनीतिक, आर्थिक, सामाजिक, रुपान्तरण र द्वन्द्व व्यवस्थापन एवं मुलुकमा पहिलोपटक संविधानसभाको निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न र सेनाको लोकतान्त्रीककरण तथा पुर्नसंरचना गर्न, मानवअधिकार, मौलिक अधिकार र मानविय कानूनको परिपालना गर्न र बृहत शान्ति सम्झौताको बुँदा नं ५:२:५ मा **"दुबै पक्ष सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भिर उल्लङ्घन गर्ने तथा मानवता बिरुद्धको अपराधमा संलग्नहरुको बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसि सहमतिबाट उच्चस्तरिय सत्य निरुपण तथा मेलमिलाप**

---

[३५२] नेपाली संक्रमणकालीन न्यायका १० विशेषता खिमलाल देवकोटा https://www.onlinekhabar.com/२०२४/०८/१५२६७०८ हेरिएको २०८२/०५/०५)

[३५३] संक्रमणकालीन न्यायको अवतरण राजुप्रसाद चापागाईं https://ekantipur.com/opinion/2022/05/19/16529223311885717.html हेरिएको २०८२/०५/०१

**आयोगको गठन गर्न सहमत भई"** ने.क.पा. माओबादीका तर्फबाट अध्यक्ष पुष्पकमल दाहाल र नेपाल सरकारका तर्फबाट प्रधानमन्त्रि श्री गिरिजा प्रसाद कोइरालाले संयुक्त रुपमा हस्ताक्षर गर्नु भई लागू भएको थियो[३५४] ।

**क) अन्तरिम संबिधान-२०६३**

विस्तृत शान्ति सम्झौताको आधारमा अन्तरिम संविधान -२०६३ जारी भएको हो । सर्वोच्च अदालतका माननीय न्यायधिश लक्ष्मण अर्यालको संयोजकत्वमा सिन्धुनाथ प्याकुरेल, हरिहर दाहाल, महादेब यादब, शम्भु थापा र खिमलाल देवकोटा रहेको ६ सदस्य समितिबाट तयार गरिएको थियो र बिस्तृत शान्ति सम्झौताको बुँदा ५.२.५ लाइ अन्तरिम संविधान २०६३ को धारा ३३ मा समेत व्यवस्था गरी उच्चस्तरिय आयोग गठनलाई संवैधानिक कार्यभारको रुपमा व्यवस्था गरिएको थियो[३५५]।

## ४. सत्य निरुपण तथा मेलमिलाप आयोग गठन

नेपालको अन्तरिम संबिधान, २०६३ र बिस्तृत शान्ति सम्झौतामा उल्लेखित प्रतिबद्धता अनुसार व्यवस्थापिका संसदले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग बिधेयक, २०७१ पारित गरेपश्चात आयोग गठनको प्रकृया अगाडि बढेको हो । आयोगका पदाधिकारीहरुको नियुक्तिको लागि नेपाल सरकारले पुर्व प्रधानन्यायाधीश ओम भक्त श्रेष्ठको संयोजकत्वमा सिफारिस समिति गठन गरेको थियो । उक्त समितिको सिफारिस बमोजिम मन्त्रिपरिषदबाट २०७१ साल माघ २७ गते पहिलोपटक अध्यक्ष तथा २ महिलासहित ५ जना पदाधिकारी सम्मिलित सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गरिएको थियो [३५६]।

## ५. सत्य निरुपण तथा मेलमिलाप आयोगको उद्देश्य

क) सशस्त्र द्वन्द्वका क्रममा भएका मानवअधिकारको गम्भिर उल्लङ्घन सम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरुको बारेमा सत्य अन्बेषण तथा छानबिन गरी बास्तबिक तथ्य जनसमक्ष ल्याउने ।

ख) सशस्त्र द्वन्द्वका पीडक र पीडित बीच मेलमिलाप गराई पारस्परिक सदभाव तथा सहिष्णुताको भावना अभिवृद्धि गर्दै दिगो शान्ति र मेलमिलापको वातावरण निर्माण गर्ने ।

ग) सशस्त्र द्वन्द्वकालीन घटनाका पीडित व्यक्तिहरुलाई परिपुरणको व्यवस्थाको लागी नेपाल सरकार समक्ष सिफारिस गर्ने [३५७]।

## ६. सत्य निरुपण मेलमिलाप आयोगका कार्यहरु :-

क) सत्य निरुपण सम्बन्धि कार्य

ख) कानूनी कार्बाहिको लागी सिफारिस

ग) मेलमिलाप सम्बन्धी कार्य

---

[३५४] नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौता https://www.hdcentre.org/wp-content/uploads/2016/08/Comprehensive-Peace-Agreement-GovNepal-and-CPN-Nov-2006-Nepalese.pdf हेरिएको २०८२/०५/०२

[३५५] नेपालको अन्तरिम संविधान, २०६३

[३५६] पध्मप्रसाद खतिवडा नेपालको शान्ती प्रक्रिया:दुर्त परिवर्तन धिमा प्रगती https://berghof-foundation.org/files/publications/IPS_Paper_9_NepalesePeaceProcess_Nepali.pdf

[३५७] बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन,२०७१ https://www.lawcommission.gov.np/

घ) परिपूरणको लागि सिफारिस

ङ) क्षमादानको लागि सिफरिस

च) नीतिगत तथा संरचनागत सुधारको लागि सिफारिस

छ) अन्य कार्यः बयान तथा बकपत्र

ज) आयोगको प्रतिबेदन कार्यन्वयन

यसरी आयोगले सङक्रमणकालीन न्यायसँग सम्बन्धित कामहरुलाई बिधि, प्रकीया र निष्पक्ष रुपबाट सम्पादन गर्नको लागि सत्य निरुपण तथा मेलमिलाप आयोगको आचारसंहिता-२०७२ जारी गरिसकेको छ । परिच्छेद-२ को ४.१ मा आयोगले बिस्तृत शान्ति सम्झौता, नेपालको अन्तरिम संविधान, २०६३, प्रचलित नेपाल कानून, सम्मानित सर्वोच्च अदालतबाट भएका आदेशहरु, नेपाल पक्ष रहेका अन्तर्राष्ट्रिय महासन्धिमा भएका प्राबधानहरु र त्यसमा अन्तर्निहित मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानविय कानूनका सिद्धान्त तथा मूल्य मान्यताप्रति पुर्ण प्रतिबद्ध रही आफ्नो कार्यसम्पादन गर्नेछ भनी उल्लेख गरेको छ[३५८]।

## ७. बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोगसँग सम्बन्धित कानूनी संयन्त्रहरु

१. नेपालको संविधान(२०७२)

२. बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१

३. बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग नियमावलि, २०७२

४. अपराधको अनुसन्धान तथा तहकिकात सम्बन्धि प्रचलित कानून

५. नेपाल पक्षराष्ट्र भएका मानवअधिकार तथा मानबिय कानूनसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, महासन्धि, प्रोटोकल

६. नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको बिस्तृत शान्ति सम्झौता, २०६३

७. संक्रमणकालिन न्यायका सम्बन्धमा सर्बोच्च अदालतबाट प्रतिपादित सिद्धान्त (नजिर) र निर्देशनात्मक आदेश

बेपत्ता पारिएका व्यक्तिको छानबिन,सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ र सत्य निरुपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ को अधिनमा रही आयोगले देहाय बमोजिम कार्यबिधि र निर्देशिकाहरु पारित गरी प्रयोग भइरहेका छन ।

क) सम्वाद तथा सञ्चार निति, २०७२

ख) बिज्ञ तथा विशेषज्ञको नियुक्ति तथा काम, कर्तव्य, अधिकार र सेवा, शर्त एवं सुबिधा सम्बन्धी निर्देशिका, २०७२

ग) सत्य निरुपण तथा मेलमिलाप आयोग आचार संहिता, २०७२

घ) सत्य निरुपण तथा मेलमिलाप आयोगको उजुरी छानबिन कार्यबिधि, २०७३

ङ) सत्य निरुपण तथा मेलमिलाप आयोगको छानबिन निर्देशिका, २०७३

च) सार्बजनिक सुनुवाई सञ्चालन कार्यबिधि, २०७३

छ) आयोगलाई प्राप्त जानकारी वा अन्य उपयुक्त बिषयमा छानबिन गर्ने निर्देशिका, २०७३

---

[३५८] https://www.ictj.org/sites/default/files/ICTJ-Nepal-Amnesty-Reconciliation-2011-Nepali_1.pdf Acess at 2025/08/22

ज) सत्य निरुपण तथा मेलमिलाप आयोगको कार्यमा सहयोग गर्नेलाई पुरस्कृत गर्ने तथा असहयोग गर्नेलाई कारबाही गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यबिधि, २०७३

झ) सत्य निरुपण तथा मेलमिलाप आयोगको अबहेलनामा कारबाही गर्ने सम्बन्धमा ब्यबस्था गर्न बनेको कार्यबिधि

ञ) सत्य निरुपण तथा मेलमिलाप आयोगलाई पीडित,बालबालिका, बृद्ध, अपांग तथा महिलामैत्री बनाउने सम्बन्धि कार्यबिधि

- संस्थागत संयन्त्र

क) सत्य निरुपण तथा मे

रषदको कार्यलय

ख) गृह मन्त्रालय

ग) परराष्ट्र मन्त्रालय

घ) अर्थ मन्त्रालय

**९. सर्वोच्च अदालत** लमिलाप आयोग

ख) राष्ट्रिय मानवअधिकार आयोग

ग) बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग

घ) नेपालका अदालतहरु

ङ) महान्याधिबक्ताको कार्यलय तथा त्यस अन्तर्गतका सरकारी वकिलका कार्यलयहरु

- अन्य सहयोगी संयन्त्र

क) प्रधानमन्त्री तथा मन्त्रिपरि**र संक्रमणकालिन न्याय**

संक्रमणकालिन न्यायलाई तार्किक निष्कर्षमा पुऱ्याउने हिसाबले संसदको बैठक नभएको अबस्थामा अध्यादेश मार्फत सत्य निरुपण तथा मेलमिलाप आयोग र जर्बजस्ती बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग अध्यादेश मार्फत वि.स.२०६८ सालमा जारी भएतापनि केहि व्यवस्थाहरु खारेज गर्ने गरी अदालतले आदेश गऱ्यो । अदालतले द्वन्द्वकालमा गम्भिर मानवअधिकार उल्लङ्घनका लागि आममाफी दिन सक्ने व्यवस्थालाई कानूनले अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप नभएको ठहर गऱ्यो । वि.स. २०७१ सालमा सरकारले संशोधित बेपत्ता भएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ परित गऱ्यो । उक्त ऐन अनुसार दुइ आयोगहरु सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठन गरियो ।

तर यसरी गठन भएका आयोगले काम गर्न सकेनन जसका कारणहरु निम्न छन ।

१) कानूनी अष्पष्टता र कमजोरीहरु : ऐनले गम्भिर मानव अधिकार उल्लङ्घनका घटनामा माफीको व्यवस्था गरेको थियो । जसले गर्दा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बिरोध भयो ।

२) सर्वोच्च अदालतको आदेश : वि.स. २०७२ सालमा सर्वोच्च अदालतले ऐनका केही प्राबधान असंवैधानिक भनि खारेज गर्दै पीडितले सहमति बिना माफि दिन नपाइने निर्णय गऱ्यो ।

३) राजनितिक इच्छाशक्तिको अभावः संक्रमणकालिन न्यायलाई प्राथमिकतामा नल्याइएको र दलहरुबीच सहमति नहुनु ।

४) संस्थागत जटिलताः आयोगहरुलाई आबश्यक स्रोत, जनशक्ति र स्वतन्त्रता नदिनु[३५९]।

५) पीडित पक्षको असन्तुष्टि : पीडित समुदायले आयोगप्रति विश्वास राख्न सकेनन र वि.स.२०७६ सालमा आएर आयोगहरुको कार्यकाल समाप्त हुन पुग्यो र आयोगहरु बिघटन भए ।

[३५९] https://www.kathmandutoday.com/tag/satya-nirupan-tatha-melmilap-aayog Acess at 2025/08/20

यसरी सरकार, माओबादी र राजनितिक दलहरु बीच भएका सम्झौता बमोजिम राज्य र माओबादी बाट भएका गम्भिर मानवअधिकारका घटनाहरुलाई छानबिन गरी, पिडकलाई दण्ड सजाय गर्न र पीडितलाई न्याय, क्षतिपूर्ति पुनर्स्थापना एवं सम्मान गर्न मेलमिलाप आयोग र बेपत्ता व्यक्तिको छानबिन आयोग बिघटन पश्चात नयाँ आयोगको गठन गर्न राजनितिक इच्छाशक्ति, कानूनी स्पष्टता र पीडितमैत्री दृष्टिकोणको अभावले करिब ५ बर्षसम्म शान्ति प्रकृयाको महत्वपूर्ण अंग संक्रमणकालिन न्यायले सार्थकता पाउन सकेन । यद्धपी आयोगले ६० हजार भन्दा बढी उजुरी संकलन गरेको, उजुरीहरुको अध्ययन र वर्गीकरण गरिएको र मानवअधिकारका गम्भिर प्रकृतिका घटनाहरु छुट्याउने कार्य गरेको भएतापनि पहिले गठन भएका आयोगको कार्यकाल समाप्त भई राजनितिक खिचातानिको कारण नयाँ आयोग गठन हुन लामो अबधि कुर्नुपर्‍यो भने अर्कोतिर आयोगको संरचना, अधिकार, प्रकृया र मेलमिलापसम्बन्धी संवेदनशिल प्राबधानमा ब्यापक आलोचना भएपछि सरकारले TRC ऐन संशोधनको बिधेयक संसदमा दर्ता गर्‍यो । बिधेयकमा द्वन्द्वकालीन मानवअधिकारका गम्भिर अपराधहरुलाई माफि दिन सकिने व्यवस्था गरिएको थियो र सर्वोच्च अदालतको आदेश बमोजिम गम्भिर मानवअधिकार उल्लङ्घनमा मेलमिलाप नहुने प्राबधान समेटनुपर्ने थियो, जुन बिधेयकमा समाबेश थिएन । तर वि.स. २०७९।११।२५ गते पुष्पकमल दाहालको सरकार गठन भएलगतै पहिलो प्राथमिकतामा राखि प्रधानमन्त्रिको हैसियतमा संशोधन बिधेयक दर्ता भयो र मिति २०८१।५।१३ गते तेस्रो संशोधन सहित प्रमाणिकरण भइ लागू भएको बेपत्ता पारिएका व्यक्तिको छानबिन सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ (तेस्रो संशोधन) ले संक्रमणकालिन न्याय प्रकृयालाई सुदृढ बनाउन गम्भिर मानव अधिकार उल्लङ्घनको परिभाषालाई स्पष्ट पारेको छ । जस अन्तर्गत

क) माफी दिन नपाइने अपराधहरु निर्दिष्ट गरिएका छन ।

ख) आयोगहरुको गठन प्रकृया पारदर्शी बनाइएको छ ।

ग) पीडित केन्द्रित दृष्टिकोणलाई प्राथमिकता र हाल नयाँ आयोगहरुको गठन र थप उजुरीहरु संकलन गर्ने कार्यहरु भैरहेका छन ।

## १०. सर्वोच्च अदालतबाट भएका प्रतिनिधि आदेशहरु[३६०] :-

संक्रमणकालिन न्यायले द्वन्द्वका समयमा भएका मानवअधिकारको उल्लंघनको बिषयमा सत्य, तथ्यको खोजि गर्ने, छानबिनबाट दोषी ठहरिएका व्यक्तिलाई कानूनी दायरामा ल्याउने, पीडितलाई परिपुरण उपलब्ध गराउने र संस्थागत सुधार मार्फत भविष्यमा यस प्रकारका घटना दोहरिन नदिन अपनाउनु पर्ने उपायहरु सिफारीस गर्दछ । यसै बिषयलाइ मध्यनजर राख्दै सर्वोच्च अदालतले विभिन्न रिटहरुमा गरेका प्रतिनिधि आदेशहरु :

१। सुमन अधिकारी बिरुद्ध प्रम तथा मपको समेत, नेकाप २०७१ अंक १२ नि.नं ९३०३

संक्रमणकालीन न्याय समाजसँग अन्योन्याश्रित प्रकृया वा संयन्त्र हो । यसमा मुलतः पीडित र पीडक सम्मुख हुन्छन । त्यस्तै यसका मुख्यतः दुइ वटा आयाम हुन्छन । पहिलो बिगतमा घटाइएका गम्भिर प्रकृतिका अपराधिक घटनाका दोषिहरुलाई दण्डित गर्ने र दोस्रो मेलमिलापको वातावरण सिर्जना गर्ने । यी दुबै प्रकृयाबाट पीडकलाई कानून र समाजप्रति निरंतर उत्तरदायी वा जवाफदेहि बनाइन्छ । के कस्ता बिषयहरु न्यायको दायरामा आउने हुन, के कस्ता बिषयहरु मेलमिलापमा जाने हुन भन्ने कुराको वास्तविकता पत्ता लगाई सहि ढंगबाट कार्यान्वयन गर्नुनै संक्रमणकालिन न्यायको अभिष्ट हो ।

---

[३६०] संक्रमणकालीन न्यायसम्बन्धि सर्वोच्च अदालतबाट भएका आदेशहरु २०७९: महान्याधिबक्ताको कार्यलय https://ciedp.gov.np/content/76/the-orders-from-the-supreme-court-of/

२. गोबिन्द प्रसाद शर्मा बन्दी बि. महान्यायाधिवक्ता मुक्ति नारायण प्रधान समेत, नेकाप २०७० अंक १२ निर्णय नं ९०९१

संक्रमणकालीन न्याय संयन्त्र नियमित फौजदारी न्याय प्रशासनको विकल्प नहुने आदेश गर्दै अदालतले भनेको छ ।

द्वन्द्वकालमा भएका हत्या,हिंसा लगायतका मानव अधिकार उल्लंघनका सबै प्रकारका घटनाहरु संक्रमणकालिन न्याय व्यवस्थापनका माध्यमबाट अन्त्य हुन्छन भन्ने होइन । द्वन्द्वकालमा भएका गम्भीर प्रकृतिका मानव अधिकार उल्लंघनका घटना र फौजदारी अपराध कसुरहरुको अनुसन्धान र अभियोजन गर्न सङ्क्रमणकालीन न्याय व्यवस्थाको प्रबन्ध भइनसकेको अवस्थामा नियमित फौजदारी न्याय प्रणाली स्थगन वा निष्कृय भएको सम्झन मिल्दैन । न्यायिक अधिकारको सुनिश्चितताको लागि पनि द्वन्द्व कालमा भएका फौजदारी कसुर अपराध तथा गम्भिर प्रकृतिका मानव अधिकारका घटनाहरुलाई सामान्य फौजदारी न्याय प्रणालिको दायराभित्र ल्याउनुलाई अन्यथा भन्न मिल्दैन ।

३. माधब कुमार बस्नेत बि. प्रम तथा मपकासमेत ,नेकपा २०७० अंक १० नि.नं९०५१

मनव अधिकारको गम्भिर उल्लंघन र मानवता बिरुद्धको कसुर जस्ता गम्भिर अपराध विश्वव्यापी क्षेत्राधिकार (Universal Jurisdiction) लागु हुने र त्यस्तो कसुरमा संलग्न व्यक्तिलाई पश्चातदर्शी कानून बनाएर भएपनि कारबाहिको दायरामा ल्याउन सकिने भन्ने सम्बन्धमा मानव अधिकार सम्बन्धि अन्तराष्ट्रिय कानूनमा सिद्धान्त बिकास भैसकेको छ । मानव अधिकारको गम्भिर उल्लंघन र मानवता बिरुद्धका अपराधहरु गम्भिर अपराध हुने हुँदा त्यस्ता अपराधमा संलग्न व्यक्तिहरुलाई कानूनको दायराभित्र ल्याउन बिधमान प्रचलित कानून अपर्याप्त भएको अवस्थामा नयाँ कानून समेत निर्माण गरि दण्डहिनताको अन्त्य गर्नु पर्ने हुन्छ ।

४. बुद्धि बहादुर प्रजा बि.नेपाल सरकार ,२०६३ सालको रिट नं ३४४८ आदेश मिति २०६४।०१।३०

बुद्धिबहादुर प्रजाको रिटमा पीडित शास्त्रिय अबधारणाको बारेमा बिश्लेषण गरिएको छ । उल्लेखित ब्याख्यासमेतलाई दृष्टिगत गरी बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनमा तेस्रो संशोधनको लागी पेश गरिएको बिधेयकले **दफा २२ मा पिडक वा पीडितले आयोग समक्ष मेलमिलापको लागी निबेदन दिएमा आयोगले पीडितको स्वतन्त्र सहमतिमा मानव अधिकारको गम्भीर उल्लंघन बाहेकका मानव अधिकार उल्लंघनका घटनाका पिडक र पीडित बिच एक आपसमा मेलमिलाप गराउन सक्नेछ** भन्ने ब्यबस्था गरिएको थियो ।

५. ओमप्रकाश अर्याल बि.राष्ट्रिय मानव अधिकार आयोग समेत, ने.का.प. २०७०, अंक -७ नि.न. ९०२९

नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भने बिषयमा निर्णय गर्ने अन्तिम अधिकार महान्यायधिवक्ताको हुने हो । तर मानव अधिकारको उल्लंघन वा दुरुत्साहन गर्ने व्यक्ति उपर मुद्दा चलाउन आवश्यक भएमा मुद्दा दायर गर्न मानव अधिकार आयोगले सिफारीस गरी पठाएपछि महान्याधिवक्ताले सो बिषयमा मुद्दा चलाउने वा नचलाउने भनि निर्णय गर्न पाउने होइन ।

६. बाबुराम गिरी बिरुद्ध मन्त्रिपरिषदको कार्यलय समेत, २०६६ अंक ३ नि.न.८०९६ नागरिक प्रति सरकारको अभिभावकिय दायित्व रहन्छ । यो दायित्वभित्र नागरिकको अस्तित्व रक्षाको अधिकारको स्थान सर्वोपरि रहन्छ । नेपालमा प्राचीनतम कानूनी प्रणालीमा त यो दायित्व स्विकारेको थियो भने आजको विकसित कानूनी मान्यतामा यस सिद्धान्तलाई इन्कार गर्ने ठाँउ छैन । राज्यद्वारा बेपत्ता बनाइएका हुन वा अरु कसैद्वारा वा स्वयं नै बेपत्ता नभएका नै किन नहुन यी सबैको स्थिति सार्वजानिक गर्ने कानूनी दायीत्व सरकारको हो ।

## ११. सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन–२०७१ –तेस्रो संसोधनको काम कर्तब्य र अधिकार :-

क) मानवअधिकारको उल्लंघन तथा मानवअधिकारको गम्भिर उल्लंघन सम्बन्धि घटनाको छानबिन सत्य अन्बेषण तथा अभिलेखन गरि बास्तबिक तथ्य जनसमक्ष ल्याउने ।

ख) मानवअधिकारको उल्लंघन तथा मानवअधिकारको गम्भिर उल्लंघनको प्रकृति, प्रबृती, गम्भिरता तथा सशस्त्र द्वन्द्वका क्रममा द्वन्द्वका पक्षहरुले गरेका कार्यको बिश्लेषण गर्ने ।

ग) मानवअधिकारको उल्लंघन तथा मानवअधिकारको गम्भीर उल्लंघनको बारेमा अन्वेषणको प्रकृया निर्धारण गरि सत्य अन्वेषण गर्ने ।

घ) सशस्त्र द्वन्द्वका अन्तर्निहित कारणहरुको पहिचान गरि भबिश्यमा मानवअधिकार उल्लंघन तथा मानवअधिकार गम्भिर उल्लंघनका घटना हुन नदिने सुनिश्चिततताको लागि गरिनुपर्ने नितिगत, कानूनी तथा संस्थागत सुधारको सम्बन्धमा सिफारिस गर्ने ।

ङ) मानवअधिकारको गम्भिर उल्लंघनको घटनामा संलग्न व्यक्तिलाई परिक्षणको लागी सिफारीस गर्ने ।

च) पीडित तथा पिडकको एकिन गर्ने : पिडक र पीडितबीच मेलमिलाप गर्न गराउन पहल गर्ने गराउने ।

छ) पीडित वा निजको परिवारको सदस्यलाई उपलब्ध गराउनुपर्ने परिपूरणको सम्बन्धमा सिफारिस गर्ने ।

ज) मेलमिलाप नभएका तथा क्षमादानमा नपरेका पिडकलाई कारबाहिको लागी सिफारिस गर्ने ।

झ) पीडितलाई तोकिए बमोजिमको परिचयपत्र तथा छानबिन पछिको जानकारी उपलब्ध गराउने ।

ञ) यस ऐनमा उल्लेखित अन्य काम गर्ने गराउने । आदी

## १२. बेपत्ता पारीएका व्यक्तिको छानबिन आयोग

बेपत्ता पारिएका व्यक्तिको छानबिन सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ वि.स.२०७१ साल वैशाख २८ गते जारी भयो । सोहि ऐनको आधारमा नेपाल सरकारको मिति २०७१।१०।२७ को निर्णयअनुसार बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठन भएको थियो ।

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा १३ बमोजिम आयोगलाई मुख्यतः देहाय बमोजिम काम, कर्तव्य र अधिकार प्रदान गरिएको छ ।

- सशस्त्र द्वन्द्वका क्रममा द्वन्द्वरत पक्षबाट व्यक्ति बेपत्ता पारिएका घटनाको छानबिन, सत्य अन्वेषण तथा अभिलेखन गरि बास्तबिक तथ्य जनसमक्ष ल्याउने ।
- त्यस्ता घटनाका पीडित तथा पिडकको एकिन गर्ने ।
- त्यस्ता घटनाका पीडित वा निजको परिवारका सदस्यलाई उपलब्ध गराउनुपर्ने परिपुरणको सन्दर्भमा सिफारिस गर्ने ।
- त्यस्ता घटनाका पीडितलाई तोकिए बमोजिमको परिचयपत्र तथा छानबिन पछिको जानकारी उपलब्ध गराउने
- त्यस्ता घटनाका पिडकलाई कार्बाहीको लागि सिफारिस गर्ने ।

## १३. संङक्रमणकालिन न्याय र अन्तराष्ट्रिय अभ्यास :-

संसारभरका मुलुक जहाँ द्वन्द्वलाई ब्यबस्थापन गर्ने संयन्त्रको रुपमा बिकसित भएको संकमणकालीन न्यायको संयन्त्रको प्रकृति फरक-फरक रहेको पाइन्छ। सङक्रमणकालिन न्यायको शुरुवात दोस्रो विश्वयुद्धको समाप्ति पश्चात भएको पाइन्छ । सर्वप्रथम द्वितिय युद्धमा पराजित भए पश्चात जर्मनको न्युरेम्बर्ग शहरमा गठित एक विशेष अन्तर्राष्ट्रिय सैनिक अदालत ले तत्कालीन नाजी जर्मनिका शिर्ष नेताहरु, सैनिक अधिकारीहरु, न्यायधिश, डाक्टरहरु, उधोगपतिहरु आदिलाई युद्ध अपराध, मानवता बिरुद्ध अपराध र शान्तिको बिरुद्ध अपराधमा कारबाही गर्न गठन भएको संयन्त्र नै अन्तर्राष्ट्रिय स्तरमा पहिलो संकमणकालीन आयोग को रुपमा लिइएता पनि संक्रमणकालिन न्यायको हिसाबले गठन भएको पहिलो सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन अर्जेन्टिनामा भयो । सन् १९८३ मा अर्जेन्टिना, सन् १९९० मा चिली र संसारमा सबैभन्दा सफल मानिएको संकमणकालीन आयोगको रुपमा सन १९५५ मा गठन भएको दक्षिण अफ्रिकाको सत्य निरुपण आयोगलाई लिने गरिन्छ । खासगरी बिद्रोही पक्षहरुले जितेको अवस्थामा मेलमिलापमूखि अबधारणा र राज्यपक्षहरुले जितेको

अबस्थामा दण्डमखि अबधारणा हावि हुने गरेको भएता पनि राज्य र बिद्रोही दुबै पक्षले सम्झौताको परिणामका रुपमा आएका मुलुकहरुमा मेलमिलापमुखी अवधारणाले स्थान पाएको देखिन्छ ।

संक्रमणकालीन न्यायको अन्तर्राष्ट्रिय अभ्यासलाई हेर्ने हो भने संक्रमणकालीन आयोगहरु :-

क) द्वन्द्वरतपक्ष मध्ये एक पक्षले जितेको र अर्को पक्षले हारेको अवस्थामा न्यायमा केन्द्रित रहेर संक्रमणकालीन आयोगको गठन भएको पाइन्छ ।

ख) द्वन्द्वरत पक्षहरुको आपसि सहमतिमा आधारित रहेर गठन भएका तथ्यकेन्द्रित आयोगहरुमा खासगरी क्यानडा, चिली, इक्वेडर, घाना, ग्वाटेमाला, केन्या, लाइबेरिया, मोरक्को, रुवाण्डा, सियरालियोन, दक्षिण कोरीया र दक्षिण अफ्रिका पर्दछन ।

ग) द्वन्द्वरत पक्षहरुको आपसि सहमतिमा मेलमिलापको माध्यमबाट संक्रमणकालिन आयोगको गठन गरी शान्ति निर्माण गर्ने श्रेय दक्षिण अफ्रिकालाई जान्छ जसलाई मेलमिलाप केन्द्रित आयोग भनिन्छ । मेलमिलाप केन्द्रित आयोगले बढि भन्दा बढी आममाफीले प्रश्रय पाएको देखिन्छ ।

यसरी संक्रमणकालीन न्यायलाई फौजदारी न्यायको रुपमा परिभाषित नगरेर द्वन्द्वको समयमा घटेका घटनाहरुलाइ परिक्षण गरेर आपसमा शान्ति र मेलमिलापको वातावरण सिर्जना गर्नु हो । नेपालको सन्दर्भमा पनि यसको विशेष अर्थ रहन्छ । विस्तृत शान्ति सम्झौता, नेपालको अन्तरिम संविधान, २०६३, बाऱ्ह बुँदे समझदारी, अन्तर्राष्ट्रिय महासन्धि आदीका मर्म र भावनालाई आत्मसात गरी सशस्त्र द्वन्द्वका क्रममा व्यक्ति बेपत्ता पार्ने घटनाको छानबिन गरी बास्तविक तथ्य जनसमक्ष ल्याउन सो घटनाबाट पीडित व्यक्तिलाई परिचय पत्र प्रदान गरि परिपुरणको व्यवस्था गर्न तथा त्यस्तो कार्यमा संलग्न व्यक्तिहरुलाई कानूनी कारबाहिको लागी सिफारिस गर्न र संस्थागत सुधार समेतको उद्देश्यले गठन भएको बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोगले परिणाम निस्कने गरि कार्य गर्न आवश्यक देखिन्छ ।

## १४. निष्कर्ष तथा सुझाब :-

बि.सं२०५२ फाल्गुण १ देखि २०६३ साल मंसिर -५ सम्म राज्य पक्ष र बिद्रोही माओबादी दुबै पक्षबाट सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारका गम्भीर उल्लंघनका घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरुको बारेमा वास्तबिक सत्य तथ्य पता लगाई सार्वजनिक गर्न, पिडक र पीडितबीच मेलमिलाप गराउन, पीडितलाई परिपुरण गराउन (क्षतिपूर्ति) समेतको व्यवस्था लगायत त्यस्ता घटनासँग सम्बन्धित गम्भीर अपराधमा संलग्न व्यक्तिलाई कानूनी कारबाही को लागि सिफारिस गर्न नेपालको अन्तरिम संविधान २०६३ को धारा ३३ र २०६३ साल मंसिर ५ गते नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी माओबादीबिच भएको बिस्तृत शान्ति सम्झौताको बुँदा नं ५.२.५ को आधारमा बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ -तेस्रो संसोधन) बमोजिम गठन भएको सत्य निरुपण तथा मेलमिलाप आयोगमा तपसिल वमोजिमको रहेको छ :-

१) अध्यक्ष : श्री महेश थापा

**सदस्यहरु**

२) श्री अच्युतप्रसाद भण्डारी

३) डा.टिका प्रसाद ढकाल

४) श्री पदम बहादुर शाही

५) कुमारी कौशल्य ओझा रहनुभएको छ भने सदस्य अच्युत प्रसाद भण्डारी प्रवक्ताको भुमिकामा रहनुभएको छ । यस्तै गरी

- बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा

१. अध्यक्ष श्री लीलादेबी गडतौला

**सदस्यहरु**

२. श्री गोपालनाथ योगी

३. श्री अग्नि प्रसाद थपलिया

४. श्री सिर्जना पोखरेल

५. श्री बिनिता नेपाली रहनुभएको छ[३६१]।

हाल बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ (तेस्रो संशोधन २०८१) ले संक्रमणकालिन न्याय प्रकृयालाई सुदृढ तथा तार्किक निष्कर्षमा पुऱ्याउन गम्भिर मानवअधिकार उल्लंघनको परिभाषालाई स्पष्ट पारेको छ । जसअन्तर्गत माफी दिन नपाइने अपराधहरु निर्दिष्ट गरिएका छन।आयोगहरुको गठन प्रकृया पारदर्शी बनाइएको छ र पीडित केन्द्रित दृष्टिकोणलाई प्राथमिकतामा राखेर हाल नयाँ आयोगहरुबाट थप उजुरीहरु संकलन गर्ने कार्य अगाडी बढिरहेको देखिन्छ । यो बेला न्यायका पक्षधर, आवाज बिहिनहरुका आवाजका भूमिकामा रहेका हामी कानून व्यवसायीहरुले देशकै यति ठुलो संवेदनशील विषयबस्तु रहेको बेपत्ता पारिएका व्यक्तिहरुको हकमा बनेको सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ र आयोग गठनसँगै अगाडी बढेका यसका काम कारबाहीहरु देशको ऐतिहासिक न्याय प्रकृया हो भन्ने सम्झनु पर्दछ । तर कानून व्यवसायीहरुको तर्फबाट यसप्रति अपेक्षित चासो, दबाव र जनचेतनाको पहल कम देखिनु चिन्ताजनक बिषय हो । कतिपय अवस्थामा अदालत प्रवेश गरेका पीडितका मागहरुलाई कानून व्यवसायीहरुबाट न्यायप्रतिको आस्था र मर्म विपरित विचार अभिव्यक्त भएका नमिठो उदाहरण पनि रहेका छन् ।

नेपालको संविधान तथा अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिहरुले पीडितको न्याय र क्षतिपूर्तिलाई सुनिश्चित गर्न आग्रह गरेको छ । तर न्यायकर्मीहरुले यो बिषयलाई प्राथमिकतामा नराख्दा पीडितहरुप्रति राज्यको जवाफदेहिता सँधै कमजोर बनेको छ । अत : आयोगका काम कारबाही र राज्यको जवाफदेहितालाई स्पष्ट पार्न र पीडितका आवाजलाई यथोचित संवोधन गर्न हामी कानून व्यवसायीहरु र हाम्रा संस्थाहरुले (नेपाल बार तथा आबद्ध बारहरु) पनि यस बिषयमा निरन्तर जनचेतनामुलक बहस, खबरदारी एवं चेतावनिमूलक भूमिका निर्वाह गर्न आवश्यक छ ।

## सन्दर्भ सामाग्री

नेपालको अन्तरिम संबिधान- २०६३

नेपालको संबिधान

सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१

सत्य निरुपण तथा मेलमिलाप आयोग नियमावली, २०७१

संक्रमणकालीन न्यायसम्बन्धी सर्वोच्च अदालतबाट भएका आदेशहरु : महान्याधिवक्ताको कार्यलय

Internatioanl convention for the protection of all persons from enforced Disappreance.

Declaration on the protection of all persons from Enforced Disappearence -1992

संक्रमणकालीन न्याय -वरिष्ठ अधिवक्ता खिमलाल देवकोटा

[३६१] https://ciedp.gov.np/minister-detail/ Acess Date 2025/08/20